# विज्ञप्ती

## भूकम्प प्रभावित आवास पुन:निर्माण लगत संकलन कार्यक्रम २०७२

२०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पनहरुले नेपाललाई अपूरणीय मानवीय तथा भौतिक क्षति पुऱ्याएको तथ्य हामी सबै सामु छ । खासगरी उक्त भूकम्पबाट नेपालको पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलका ओखलढुङ्गा, सिन्धुली, रामेछाप, दोलखा, रसुवा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर र गोरखा गरी १४ जिल्ला अति प्रभावित भएका छन् । साथै यस भुकम्पले अन्य जिल्लाहरुमा समेत जनधन र महत्वपूर्ण भौतिक संरचनाहरुमा ठूलो नोक्सानी पुऱ्याएको छ ।

यसै सन्दर्भमा भूकम्प प्रभावित ती क्षेत्रहरुमा दीगो पुन:निर्माण कार्यक्रम यथाशीघ्र सञ्चालन गर्न अत्यावश्यक तथ्याङ्कीय आधार तयार गर्ने उद्देश्यले यही पुस १९ गतेदेखि दोलखा जिल्लाबाट यो **भूकम्प प्रभावित आवास पुन:निर्माण लगत संकलन कार्यक्रम** सुरु भइसकेको छ र अन्य जिल्लाहरुमा क्रमशः सञ्चालन हुँदैछ । यो कार्यक्रम अन्तर्गत भूकम्पबाट अति प्रभावित उल्लिखित जिल्लाहरुमा रहेका सबै आवासीय घरहरूको इन्जिनियरहरुबाट विस्तृत जाँच गर्ने र ती घरमा बस्ने परिवारहरूको आर्थिक, सामाजिक र जनसांख्यिक विवरण लिइनेछ ।

यो लगत संकलन कार्यक्रम अर्थ मन्त्रालय र विश्व बैंकबीच भएको सम्झौता बमोजिम संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय र राष्ट्रिय योजना आयोगको सहकार्यमा समन्वयात्मक रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमको पूर्व तयारीदेखि नतिजा प्रकाशनसम्मका हरेक क्रियाकलापहरुलाई उच्च तहबाट आवश्यक मार्गदर्शन, समन्वय तथा अनुगमन गर्नको लागि राष्ट्रिय योजना आयोगका सदस्य सचिवज्यूको अध्यक्षतामा एक निर्देशक समिति गठन भएको र केन्द्रीय तथ्याङ्क विभागले सर्वेक्षणको स्थलगत कार्य सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ ।

यस कार्यक्रमका लागि अन्तराष्ट्रिय दातृ निकायहरुको तर्फबाट विश्व बैंकले संयुक्त राष्ट्र संघीय परियोजना सेवा (United Nations office for Project Services-UNOPS) मार्फत् जनशक्ति र अन्य आवश्यक सामग्रीहरुको व्यवस्था मिलाएको छ । यस कार्यमा UNOPS मार्फत् राष्ट्रिय गैरसरकारी संस्थाहरु - स्वास्थ्य अनुसन्धान तथा सामाजिक विकास मञ्च (Health Research and Social Development Forum – HERD) र काठमाडौं लिभिङ्ग ल्याब (Kathmandu Living Lab-KLL) पनि संलग्न छन् ।

यस सर्वेक्षणमा विज्ञ सर्भेयरहरुले ट्याब्लेट प्रयोग गरी संकलन गरेको तथ्याङ्क इन्टनेटमार्फत् सोझै सिंहदरबारस्थित सरकारी एकीकृत डाटा सेन्टरमा रहेको केन्द्रीय तथ्याङ्क विभागको सर्भरमा पठाउने छन् ।

यसरी तयार गरिएको तथ्याङ्कीय आधारबाट मूख्यतः प्रत्येक आवासीय घरको क्षतिको विस्तृत आंकलन भई वास्तविक पिडितहरुको पहिचान हुने र यसले पुन:निर्माण कार्यक्रम यथाशीघ्र सञ्चालन गर्न सहयोग पुग्नेछ । साथै, संकलित तथ्याङ्कको आधारमा आवासीय घरहरु निर्माणको लागि मापदण्ड कायम गर्न भरपर्दो आधार खडा हुनेछ । त्यसैगरी सबै घरपरिवार तथा व्यक्तिहरूको प्राप्त विवरणबाट सामाजिक सुरक्षा कार्यक्रम लगायत अन्य कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समेत कमदृत पुग्नेछ ।

त्यसैले यस महत्वपूर्ण लगत संकलन कार्यमा खटिएका सर्वेक्षण टोलीलाई आवश्यक सहयोग गरिदिनुहुन सम्पूर्ण महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**नेपाल सरकार**
**राष्ट्रिय योजना आयोगको सचिवालय**
**केन्द्रीय तथ्याङ्क विभाग**